## १ दीर्घकालिन सोचः

व्यापारिक, पर्यटकीय, शैक्षिक, व्यावसायिक,पर्यावरणीय तथा बसोबास योग्य हरित, आधुनिक स्मार्ट सिटीको रुप दिदै डिजिटल गौरादह निर्माण गर्दैयहाँका बासिन्दाहरुको जीवनस्तरमा गुणात्मक सुधार गर्ने ।

## २. लक्ष्यहरुः

गौरादहनगरपालिकालाई योजनावद्ध विकासको मार्गमा हिडाइ, आर्थिक र सामाजिक विकास मार्फत् रोजगारीको सृजना र मानवीय क्षमता वृद्धि तथा सुशासनको माध्यमबाट नगरवासीहरुमा भरपर्दो र गुणस्तरीय सेवा प्रवाह गरी यसको लाभ सम्पूर्ण नागरिकहरुमा विस्तार गर्न निम्न लक्ष्यहरु लिएका छौ ।

- नगर चक्रपथ निर्माण कार्यमा निरन्तरता दिईनेछ ।
- व्यवस्थित वसपार्क बनाउनका लागि जग्गा व्यवस्थापन गर्ने ।
- पर्यटनका सम्भाव्य क्षेत्रलाई सडक सञ्जालसँग जोडी पर्यटन प्रबर्द्धन र विस्तार गरिनेछ ।
- गौरादहलाई व्यापारिकतथा पर्यटकीय नगरीको रुपमा बिकास गरिनेछ ।
- सरल,सर्वसुलभ,छिटो छरितो,मितव्ययी,भ्रष्ट्राचार रहित र फास्ट-ट्रयाकमा सार्वजनिक सेवा सहितको नगर स्थापना गर्ने।
- कागजरहित सेवा प्रदान गर्दै इ-गभरनेन्सको लक्ष्य पुरा गर्ने ।
- सबैखाले विभेद,अन्याय,शोषण तथा हिंसाको नियन्त्रण तथा अन्त्य गर्ने ।
- दैनिक तथा महत्वपूर्ण सूचनाहरु सबै नगरवासीहरुको सहज पँहुचको लागि वेभसाईट, गौरादह एप्स, सामाजिक सञ्जाल(फेसबुक, ट्यीटर, युवटुब आदि) निर्माण गरी सूचनाको हकको प्रत्याभूति गर्ने-गराउने ।
- गौरादहलाई २ वर्ष भित्रमा पूर्ण साक्षर नगर बनाउने ।
- नगरवासीलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने, विभिन्न स्वास्थ्य शिविर लगायत अन्य कार्यक्रम सञ्चालन गर्ने ।
- बिषयगत सहकारीहरु मार्फत कृषिजन्य बस्तुहरुमा आत्मनिर्भर बनाउने ।
- बृक्षारोपण, वन तथा वातावरणको संरक्षण गर्दै नगरको दिगो विकास गर्ने ।
- कम्तिमा एक वडा एक प्राविधिक (पशु तथा कृषि) को व्यवस्था गर्ने ।
- आधुनिक रंगशालाको व्यवस्थापनको लागि पहल गर्ने ।
- प्राविधिक (अ.न.मी., अ.हे.व., ल्याव एसिस्टेन्स, रेडियोलोजिष्ट, हेल्थ एसिस्टेन्स, सिभिल ओभरसियर, स्टाफ नर्स, (ब्याच्लर इन फार्मेसी, डिप्लोमा इन फार्मेसी (फार्मेसी एसिस्टेन्स),अमिन,कम्युटर साइन्स आदि) तथा अप्राविधिक शिक्षाका प्रर्वद्धन र विकास गर्दै यस नगरलाई शैक्षिक केन्द्र बनाउने ।
- २ वर्ष भित्र बालमैत्री नगरको रुपमा विकास गर्ने ।
- गौरादह कृषि कार्यक्रमलाई प्रदेशको गौरवको योजना अगाडी वढाई कृषि प्राविधिकीकरण गर्ने ।

## ३. उद्देश्यहरुः

- दिगो भौतिक पूर्वाधारको विकास र सडक यातायात सुधार गर्ने ।

- शिक्षा, स्वास्थ्य, सरसफाई, तालीम तथा मानवीय विकासका क्षेत्रमा लगानी वढाइ स्वरोजगारयुक्त, चेतनशील तथा स्वावलम्बी नागरिक निर्माण गर्ने ।
- योजनाबद्ध विकासको अवधारणा अनुसरण गर्दै, सीमित स्रोत र साधनलाई प्रभावकारी र मितव्ययी विनियोजन मार्फत् नतिजामुखी विकास कार्यमा केन्द्रित गर्ने ।
- विकास व्यवस्थापन र सेवा प्रवाहका हरेक चरणमा सुशासन र पारदर्शिताको सुनिश्चितता गर्दै गौरादह लाई नमूना नगरपालिकाको रुपमा विकास गर्ने ।
- लैङ्गिक समानता, न्यायपूर्ण, समावेशी र प्रजातान्त्रिक संस्कारको विकास तथा प्रर्वद्धन गर्ने ।
- नगरको मौलिक कला, संस्कृति र पहिचान तथा भौगोलिक सौन्दर्यको प्रबर्द्धन गर्दै पर्यटन विकास गर्ने ।
- सीप, तालिम, उद्यमशीलता, रोजगार, आय आर्जन, तथा आर्थिक विकासका गतिविधि वृद्धि गरी सम्वृद्धि एवम दिगो विकास तर्फ अग्रसर गराउने ।
- शिक्षित र शीपयुक्त जनशक्तिको उत्पादन तथाविकास गराउने ।
- सामाजिक सुरक्षा र दिगो शान्तिको प्रर्वद्धन गरी भिन्नकार्यक्रम संचालन गर्ने ।
- वन, वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापनको ठोस योजना तयार गरी विपद व्यवस्थापनको तयारी अघि बढाउने ।
- स्थानीय तह सञ्चालनको लागि आवश्यक नीति, कानुन,ऐन,नियम तथा विनियम तयार गरी लागू गर्ने ।

**४रणनीतिहरु:**

- नगरपालिकाको सवै वडाको प्रोफाइल बनाई तथ्यांक तयार गर्ने र त्यसलाई अध्यावधिक गर्ने र सो अनुरुप सुचकमा आधारित कार्यक्रमहरु तयार गरी कार्यान्वयन तथा अनुगमन गर्ने ।
- योजना वद्ध शहरी विकास योजना (IUDP)तथा भवन निर्माण विभाग सँग समन्वय गरि कार्यकम अघि वढाईनेछ ।
- पर्यावरण संवेदनशील पर्यटन विकासको रणनीति अवलम्बन गर्ने ।
- पर्यटन लक्षित भौतिक पूर्वाधार निर्माणमा नगरपालिकाले सहजीकरण, समन्वय र प्रोत्साहन गर्ने ।
- गौरादहलाई शिक्षामा अग्रणी नगरपालिकाको रुपमा विकास गर्न विशेष कार्यक्रमहरु सञ्चालन गर्ने ।
- गौरादहका नागरिकहरुको स्वास्थ्यको अवस्था सुधार गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।
- गौरादहनगर क्षेत्रको हरेक घरमा स्वच्छ खानेपानीको सुविधा पुर्‍याउने ।
- तालिम, सशक्तीकरण, क्षमता विकास जस्ता मानवीय विकासको क्षेत्रमा लगानी वढाइ मानवीय पूँजी निर्माण गर्ने ।
- योजनाहरुको प्राथमिकीकरण गरि साना,ठूला र नतिजामुखी कार्यकमहरुको वर्गीकरण गरि सञ्चालनमा ल्याईनेछ ।
- सम्पूर्ण नागरिकहरु तथा परिवारहरुको अभिलेख स्थापना गरी, सबैको विकास तथा गरिवी सम्बद्ध सूचकहरु एकीकृत गरी लक्षित विकास कार्यक्रमहरु सञ्चालन गर्ने ।
- नगरपालिका तथा नागरिक सम्बन्ध सुमधुर बनाउन नगरपालिकालाई सेवाग्राही मैत्री निकायको रुपमा विकास गर्ने ।

- वडा कार्यालयहरुलाई यसै वर्ष देखि वजेट विनियोजन गरी भवन निर्माण सुरुवात गरीस्रोत साधन तथा जनशक्तियुक्त बनाइ जनताका अधिकांश समस्या समाधानको पहिला बिन्दुको रुपमा विकास गर्ने ।
- विकास व्यवस्थापन र सेवा प्रवाहमा हुन सक्ने अनियमितता र भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति लिने ।
- विकास तथा सेवा प्रवाहको सन्दर्भमा बञ्चितीकरणमा परेका वर्ग र समुदायको विशेष संरक्षण,सरोकारवालाहरुको सम्वोद्धन तथा उचित प्रतिनिधित्व र सुनुवाइ संयन्त्रको विकास गर्ने ।

**५. अपेक्षित उपलब्धीहरुः**

- स्थानीय तह सञ्चालनको लागि आवश्यक नीति,कानुन,ऐन,नियम तथाविनियम तयार गरि नगरपालिकाले दिनुपर्ने सेवा–सुविधा दिइसकेको हुनेछ ।
- आगामी ४ बर्षभित्रमा नगरपालिकाका सम्पूर्ण मापदण्डहरु पूरा गरी समुन्नत र समृद्ध नगर निमार्णको कार्य सम्पन्न गर्दै  आधुनिक स्मार्ट सिटी निर्माणको आधार तयार हुने ।
- नगरपालिकाको मुख्य कार्यालय भवनको निर्माण सम्पन्न आवश्यकता अनुसार वडा कार्यालयहरुको भवन निर्माण कार्य सम्पन्न भएको हुनेछ ।
- आगामी आ.व.२०७६/०७७ को अन्त सम्ममा स्थानीय सरकारको अनुभूति दिई नगरपालिकाले जनतालाई उपलब्ध गराउनुपर्ने सेवा सुविधा पारदर्शी, प्रभावकारी र सर्व सुलभ तरिकाले दिएको हुनेछ।

**६.आदरणीय सभाध्यक्षज्यू एवम् उपस्थित महानुभावहरु,  यो आ.व. २०७६/०७७  को नीति तथा कार्यक्रम तर्जुमा गर्दा हामीले लिएका प्रमुख नीतिगत आधार र मुख्य मार्गदर्शन यस प्रकार रहेका छन्  :**

- नेपालको संविधानले निर्देशित गरेको स्थानीय तहको काम, कर्तव्य तथा अधिकार सम्वन्धी विषय तथा प्राथमिकताहरु ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नीतिगत व्यवस्था र प्राथमिकताका आधारहरु ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को नीतिगत व्यवस्था र प्राथमिकता तथा सन्तुलनका आधारहरु ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले गरेको नीतिगत व्यवस्था ।
- स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ ले निर्दिष्ट गरेको वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु ।
- नेपाल सरकार अर्थमन्त्राललवाट समानीकरण अनुदान र राजश्ज बाडफाँटको सिलिङ्ग सहितको मार्गदर्शन ।
- संघीय र प्रदेश सरकारले जारी गरेको नीति, कानून तथा मापदण्डहरु ।
- संघीय सरकार र प्रदेश तहबाट प्राप्त अन्य मार्गदर्शन एवम् निर्देशन तथा सुझावहरु ।
- चौधौं योजनाले निर्दिष्ट गरेका लक्ष्य एवम् उद्देश्यहरु ।
- जनतासँग मत माग्दा व्यक्त गरेका प्रतिवद्धता पत्र तथा समय समयमा गरिएका सार्वजनिक वचनवद्धताहरु ।

**७. क्षेत्रगत नीति, कार्यक्रम तथा आधारहरु :**

**आदरणीय सभाध्यक्षज्यू एवम् उपस्थित महानुभावहरु,** हामीले आगामी आर्थिक बर्षको लागि

प्रस्ताव गरेको नीति, योजना, कार्यक्रम जहा **भौतिक पूर्वाधार विकास, कृषि, सहकारी तथा आर्थिक विकास,सामाजिक विकास,वातावरण तथा विपद् व्यवस्थापन** आदिलाई क्रमश उच्च प्राथमिकता दिएकाछौ र सोको तपशील वमोजिम पेश गर्ने अनुमति चाहान्छु ।

**क) भौतिक पूर्वाधार विकासः**

- नगरपालिकाको प्रत्येक वार्डमा एक एक ठुला नगरपालिका स्तरीय आयोजनाहरुको विस्तृत सम्भाव्यता अध्ययन् गरि कार्यान्वयन गरिनेछ ।
- गौरादह पोखरीको पूर्वाधार विकासको निम्ती साझेदारीमा प्रदेश तथा संघिय सरकार पहल गरिनेछ ।
- कलभर्ट,पुल,ड्रेन,सामुदायिक भवन,बजारहरुको उचित व्यवस्थापन गरिनेछ ।
- गौरादह नगरपालिका सम्भावनायुक्त शहर भएकाले यहाँ औद्योगिक करिडोर क्षेत्र निर्माणका लागि संघिय सरकार तथा छिमेकी स्थानीय तहहरु संग समन्वय र सहकार्य अगाडी वढाउन पहल गरिनेछ ।
- शहरी विकास मन्त्रालय संग ई-उपयोग निती सम्बन्धि सम्झौता भई कार्यान्वयनको प्रक्रिया अगाडि वढाइएको छ र वढाईनेछ ।
- नगरपालिका भित्र रहेको गौरादह पोखरी निर्माण कार्य अगाडि वढाइनेछ ।
- वडाका केन्द्र तोकी २ वर्ष भित्र कार्यालय नभएका वडाहरुमा सुविधा सम्पन्न वडा कार्यालय भवन निर्माण तथा भवन भएका वडाका कार्यालयहरुलाई आधुनिकिकरण गर्ने कार्य प्रारम्भ गरिनेछ ।
- नगरमा एक रंगशाला निर्माण गर्न सम्भाव्य अध्ययन् सुरु गरिनेछ ।
- भवन निर्माण आचार संहिता अनुरुप भूकम्प प्रतिरोधी भवन निर्माणलाई अनिवार्य गरिनेछ।यसका लागि सिकर्मी, डकर्मीहरुलाई भूकम्प प्रतिरोधात्मक भवन निर्माण तालिम दिइनेछ ।
- नगरभित्र भवननिर्माण तथा बस्ती विकास गर्दा मौलिक संस्कृति र नेपाली वास्तुकलाहरुलाई व्यवस्थित बनाइनेछ ।
- अव्यवस्थित सुकुम्बासी बस्ती तथा विपन्न सीमान्तकृत मुसहर, सन्थाल, झाँगड, डोम लगायतका बस्तीहरुलाई व्यवस्थित बनाइनेछ ।
- प्रत्येक वडाहरुमा १ वटाका दरले नमुना वस्तीको कार्यक्रम संचालन गरिनेछ ।
- भू-उपयोग नीति निर्माण गरी कडाइका साथ लागू गरिनेछ ।
- छत तथा छानोबाट बाहिरीने पानीको व्यवस्थापन घर धनी स्वयम्ले गर्ने नीति लिइनेछ ।
- वातावरण मैत्री घर (बगैंचा सहितको घर) निर्माण गर्ने नगरबासीलाई घर नक्सा पास दस्तुरमा ५% रकम छुट दिने नीति अवलम्बन गरिनेछ ।
- आवास योजनाभित्र तोकिएका आकारका बाटाहरु राखी गल्लीरहित नगर निर्माण गरिनेछ ।
- पुराना साबिक पैनी, खोला आदिको नाप नक्शाङ्कन गरिनेछ ।
- अवैध रुपमा गरिने भवन निमार्ण नियन्त्रण गरिनेछ ।
- स्कूल, कलेज, सिनेमा हल आदिलाई मुख्य बजारबाट बाहिर स्थापना र स्थानान्तरण गर्न प्रोत्साहन गरिनेछ ।
- पुराना घरको अभिलेखिकरण गरिने कार्य तत्काल प्रारम्भ गरी राजश्व दस्तुर ५०% छुट उपलब्ध गराइनेछ ।
- नगरको स्वामित्वमा भएका सडक, सार्वजनिक भवन, पुल लगायतका भौतिक संरचनाहरुको मर्मतसम्भारका लागि रकम छुट्याई नियमित मर्मतसम्भार गरिनेछ ।

- सबै वडाका मुख्य सडकहरुलाई १ वर्ष भित्र नगरवासीको समेत जन सहभागितामा उच्च स्तरीय ग्राभेल गर्ने र ४ वर्ष भित्रमा वडाका मुख्य सडकहरुमा ४०% जनसहभागिता जुटाइ प्राथमिकतामा राखी कालोपत्रे गरिनेछ ।
- सम्पूर्ण सरोकारवालाहरु सँग विस्तृत छलफल गरि ***नगरपालिकाको यातायात गुरु योजना*** तयार गरिनेछ ।
- प्रत्येक वडाहरुमा वाल पार्कको लागि स्थान उपलब्धता अनुसार सञ्चालनमा ल्याइनेछ ।
- टेम्पो, अटो रिक्सा, सीटी सफारी तथा अन्य साना सवारीहरुका लागि पार्किङको उचित व्यवस्था मिलाउनेछ ।
- सडक दुर्घटनामा कमी ल्याउन यात्रुबहाक सवारीसाधन रोक्नका लागि निश्चित स्टेशनको व्यवस्था गरी ट्राफिकको व्यवस्था र परिचालन गर्नेछ।
- सवारीको चापलाई मध्यनजर राखी दिर्घकालिन ट्राफिक व्यवस्थापनका लागि आकाशे पुल, फ्लाइ ओभर, तथा सव वे निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।
- सवारीसाधन व्यवस्थापनका लागि बजार क्षेत्रमा आवश्यकताअनुसार ट्राफिक बत्ती जडान गर्न पहल गर्ने ।
- सम्पूर्ण सडकहरुको वर्गिकरण गरी सडक अधिकार क्षेत्र तोक्ने ।
- गौरादह नगर क्षेत्रभित्र पर्ने, किस्ने खोला सिँचाइ आयोजनाको नहरबाट निस्कने बालुवा नगरमा नै प्रयोग गर्ने व्यवस्था मिलाईनेछ ।
- एक बहुआयामिक (पर्यटन,रोजगारी आदिका लागि) सूचना केन्द्रको स्थापना गरी सो केन्द्रबाट आवश्यक सूचनाहरु प्रवाह गरिनेछ।
- नगरवासीहरुको व्यक्तिगत घटनामार्फत जनसङ्ख्यामा भएको दैनिक परिर्वतन अद्यावधिक हुनेगरी अनलाइन संयन्त्र मार्फत गरिनेछ ।
- नगरका मुख्य वस विसौनीहरुमा फ्री वाइफाइ तथा सि सि क्यामेरा/नाइट भिजन क्यामेरा सुरक्षा निकायसंग समन्वय गरी जडान गरिनेछ ।
- वडा नं.६ रामचन्द्रे खोलाछेउमा,वैगुन्धुरा वजारपूर्व कमल खोलाछेउमा,किस्नेखोला गौरादह १,२ को पुलछेउमा,ग्वालडुब्बा पूर्व किस्ने खोलाछेउमा र गौरी गंगाधारमा,चाँदु र रतुवाको दोभानमा वडा नं.५ मा अन्तेष्टि स्थल तथा दाह संस्कार स्थलको निर्माण गरिनेछ ।

**ख) कृषि, पशु,सहकारी तथा आर्थिक विकासः**

- गौरादह वडा नं.२ मा रहेको कृषि उपज थोक बजारको आवश्यक पूर्वाधार तयार गरि सञ्चालनमा ल्याइनेछ ।
- सवै साना तथा मझौला कृषि तथा घरेलु उद्योगलाई सहकारीमा आवद्ध हुन प्रोत्साहन गरिनेछ ।
- कृषि तथा सहकारी मन्त्रालय र नगरपालिकाको साझेदारीमा मत्स्य यान्त्रीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- सवै सहकारीका सदस्यहरुलाई स्वास्थय विमा व्यवस्थामा आवद्ध गर्न प्रोत्साहन गरिनेछ ।
- नगरपालिका भित्रको सबै भुमि तथा जग्गाको अभिलेख राख्ने, भु-उपयोग नीति योजना र कानुन निर्माण गरि सो अनुरुप भुमिको वर्गीकरण र उपयोग गरिनेछ ।
- आवश्यकताअनुसार भुमिगत सिचाई स्यालो तथा डिप ट्युव वेलको व्यवस्था गरिनेछ ।

- उपभोगका आधारमा जमिन वर्गीकरणगरी भिन्नभिन्न प्रकारका पूर्जा वितरण गर्नुका साथै कृषियोग्य जमिन अन्य प्रायोजनमा प्रयोग हुन नदिने नीति तय गरिनेछ ।
- आर्थिक गतिविधि र क्रियाकलाप बढाई रोजगारी र आय आर्जन वृद्धि गरिनेछ।
- आइ.सि.टी.को प्रयोग गरी फाइनान्सीयल इन्फरमेसन सिस्टम (आर्थिक सूचना प्रणाली) मजबुद बनाउने ।
- स्थानिय स्रोत साधनको परिचालनरविकास गर्दै राजश्वको दायरा वढाउन राजस्व वृद्धि गर्न कर सम्बन्धि तालिम सञ्चालन गरिनेछ ।
- वाली पशुधन तथा मत्स्य विमा सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषि उत्पादन, भण्डारण र वितरणमा आधुनिक प्रविधिको विकास गरि उपयोग गरिनेछ ।
- प्रधानमन्त्री कृषि परियोजना सँग साझेदारी गरि खेतिलाई व्लक कार्यक्रमलाई अगाडि वढाईनेछ ।
- वार्ड नं ५ को नमुना सहकारी खेती लाई औद्योगिक तरकारी खेति कृषि अनुसन्धान केन्द्रमा रुपान्तरण गरिनेछ ।
- कृषिलाई सामुहिक खेति,चाक्लावन्दी खेति र गह्रा सुधार कार्यक्रमलाई प्रोत्साहन गर्न प्रधानमन्त्री कृषि परियोजना सँग र कृषि ज्ञान केन्द्र सँग आवश्यक समन्वय गरि कार्यक्रम अगाडि वढाईनेछ ।
- कृषि पेशालाई मर्यादित बनाउन हरेक वर्ष स्थानिय स्तरमा मेयर/उप-मेयर उत्कृष्ट कृषक पुरस्कारको व्यवस्था गरिनेछ ।
- नगरक्षेत्रमा सम्भाव्यता अध्ययन गरी "एक वडा एक उत्पादन" कार्यक्रम संचालन गर्ने ।
- उद्योग वाणिज्य संघ लगायतका निजि क्षेत्रको साझेदारीमा स्थानिय समुदायका विशेष खाने परीकार र संस्कृतिको प्रवर्द्धन गर्ने हेतुले प्रत्येक वर्ष कम्तिमा एक पटक फुड फेष्टिवल भव्यताका साथ मनाउने ।
- नहर तथा पैनीको पहुँच नपुगेको कृषियोग्य जमिनका लागि भूमिगत सिँचाई आयोजनाहरु सञ्चालन गरिनेछ।
- खेति योग्य जग्गालाई बाझो राख्ने प्रवृत्ति निरुत्साहित गर्दै बाझो रहेको कृषि भूमीको उत्पादनशील र दिगो उपयोग गरिनेछ।
- किस्ने,चान्दु, गेउरीया सिँचाई आयोजनाहरुको स्तरोन्नति गरी नगर क्षेत्रभित्रका कृषियोग्य चक्ला जमिनमा सिचाईको राम्रो प्रबन्ध मिलाइनेछ ।
- कृषिऔजार, मल, बिऊ, प्रविधि एउटै छानामुनि उपलब्ध गराउने तथा कृषि उपज थोक बजारको व्यवस्था मिलाउने ।
- कृषिप्रधान क्षेत्रहरु बैगुन्धुरा, कोहवरा, महारानी, जुरोपानी, गौरादह तथा नगरका अन्य क्षेत्रहरुमा आवश्यकता अनुसार कृषि प्राविधिक तथा पशु चिकित्सक सहितको कृषि तथा पशुसेवा केन्द्रको स्थापना गरिनेछ।
- नगरलाई तरकारीमा आत्मनिर्भर बनाउन सबै प्रकारको तरकारी खेती (बेमौसमी,कौसी, करेसाबारी, जैविक आदि) लाई प्रोत्साहन गर्न आवश्यक तालिम प्रदान गरिनेछ।
- नगरलाई माछा,मासु तथा दूधमा आत्मानिर्भर बनाउन माछापालन,हाँस,कुखुरापालन, बाखापालन,बङ्गुर,गाईभैसींपालन आदिको क्षेत्र पहिचान तथा व्यवस्थापन गरिनेछ।

- गौरादहको समग्र विकासमा निजी–सहकारी क्षेत्रलाई सहभागी गराउन प्रोत्साहित गरिनेछ।
- गौरादह क्षेत्रभित्र पाडाजुगी-गौरीगञ्ज सडक खण्डको पूर्व र पश्चिम औद्योगिक करिडोरको रुपमा विकास गर्न निजी क्षेत्रलाई प्रोत्साहीत गरिनेछ।
- नगर भित्र रहेका फलफूल तथा तरकारी बजार (गुद्री बजार) लाई व्यवस्थित गरिनेछ।
- कृषकहरुको उत्पादन सिधै उपभोक्तासम्म पुर्याउनका लागि गौरादह, बैगुन्धुरा, जुरोपानी, कोहवरा र स्कुलचौन, डोरामारी, ग्वालडुब्बा, दामुनामा रहेका हाट (पशु हाट समेत) को उचित व्यवस्थापन गरिनेछ।
- हाटबजारलाई मुख्य सडकबाट स्थानान्तरण गर्नुका साथै व्यवस्थित गरिनेछ।
- यस नगर क्षेत्र भित्र गौरादहको भिजन पुरा गर्न निजि क्षेत्रको सहयोगमा कृषि तथा पशु अनलाईन बजारको निमित्त वेभ साईट र एप्स निर्माण गरिनेछ।
- पर्यटन प्रबर्द्धनका लागि गौरादह गाइड (पुस्तिका) निर्माण गरी बसपार्क, मन्दिर, होटल लगायत मानिसहरुको आवागमन हुने स्थलहरुमा राख्ने व्यवस्था गरिनेछ।
- नगरपालिका स्वामित्वमा रहेको व्यावसायिक महत्व भएका जग्गाहरुमा आय आर्जन तथा नगरको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने गरीपार्क, महारानी झोडा र वैगुनधुरामा होम स्टे, सपिङ मल, रेष्टुरेण्ड,आदिवासी संग्राहालय, दृश्यावलोकन गर्ने टावर, घण्टा घर आदि निर्माणको सम्भाव्यता अध्ययन गरि नगर विकासकोष संग ऋण सहयोग लिई कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- निजी क्षेत्रसँगको सहकार्यमा गौरादहलाई केन्द्र बनाई माथिल्लो किस्ने सिँचाई आयोजनाको नहरको मुहानमा रिसोर्ट,सहितको ग्रिनपार्क निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहीत गरिनेछ।
- सहकारी संस्थाहरुलाई प्रभावकारी बनाउन उद्देश्य अनुरुप सञ्चालनमा ल्याई नियमित अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्ने गरी नियमन गरिनेछ ।
- १०० जना अति विपन्न वर्गका कृषकहरुलाई ५० प्रतिशत अनुदानमा वोरिङ र ५० प्रतिशत अनुदानमा सिचाई मोटर वितरण गरिनेछ ।
- प्रत्येक वडाहरुमा कृषक समूह/फर्म/व्यवसाय निजी क्षेत्रलाई ५० प्रतिशत लागत सहभागितामा सिचाई मोटर वितरण गरिनेछ ।
- प्रत्येक वडाहरुमा १ वटा हाते ट्याक्टर लागत सहभागिताका आधारमा ५० प्रतिशत अनुदान दिईनेछ ।
- सवै वडाहरु तथा नगरमा कृषि क्याम्पसमा समन्वय गरि प्राध्यापकहरुबाट कृषि सम्वन्धी प्रशिक्षण दिईनेछ ।
- प्रत्येक वडामा १ वटाका दरले मासु पसल सुधारको निमित्त लागत सहभागिता ५० प्रतिशत अनुदान दिईनेछ ।
- लोकल कुखुरापालन गर्न व्यवसाय फर्म/निजी क्षेत्र/कृषकहरुलाई केही अनुदान उपलब्ध गराइनेछ ।
- १००० संख्या भन्दा माथि लेयर कुखुरा पाल्ने कृषक,फर्म,निजी व्यवसायी तथा समुहलाई औषधी तथा फिडर डिंकर र तारजालीमा केही रकम अनुदान उपलब्ध गराईनेछ ।

- बाख्रा पालन,कृषकहरुलाई गोठ सुधारका निमित्त केही अनुदान प्रदान गरिनेछ ।
- नगरभित्र एक वैज्ञानिक पशुबधशाला निर्माणका लागि संघ तथा प्रदेश सरकार सँग आवश्यक समन्वय गरि (मासु बजार) स्थापना गर्न पहल गरिनेछ ।
- राष्ट्रिय भैसी अनुसन्धान केन्द्र तरहराबाट समन्वय गरि उन्नत जातका राँगा विउ प्रत्येक वडामा एउटाका दरले २५ प्रतिशत लागत सहभागिताका आधारमा ७५ प्रतिशत अुनदान दिईनेछ ।
- पशु वीमा कार्यक्रमलाई प्रभावकारी वनाउन टोल विकास संस्थाहरु सँग समन्वय गरि सञ्चालनमा ल्याईनेछ ।
- चिलिमे भ्याट  मेसिन ५० प्रतिशत अनुदानमा वितरण गरिनेछ ।
- नँया पोखरी खन्ने कार्यक्रममा प्रोत्साहन र पुरानो पोखरी सुधार तथा मर्मतमा सहयोग तथा अनुदान प्रदान गरिनेछ ।

**<u>ग) सामाजिक विकास :</u>**

**<u>(१)शिक्षा, युवा तथा खेलकुद</u>**

- सुसंस्कृत नागरिक र समृद्ध  समाज निर्माण गरी शैक्षिक पहूँचलाई सर्वसुलभ तथा गुणस्तरीय शिक्षा प्रदान गर्नुका साथै अनिवार्य प्राथमिक शिक्षाको लागि अनुकूल शिक्षण सिकाई  वातावरण तयार गरी अभिभावक अभिमुखीकरणको माध्यमबाट शैक्षिक सुधार  गर्दै लगिनेछ ।
- विद्यार्थीहरुलाई अनुशासित,नैतिक गुण सम्पन्न नागरिकका रुपमा तयार गर्न विद्यालय अनुगमन निरिक्षणलाई प्रभावकारी बनाउँदै शिक्षक सक्षमता विकासकालागि पूर्वाधार तयार गरी गुणस्तरीय शिक्षामा जोड दिइनेछ ।
- बालविकास शिक्षालाई सामाजिकीकरणको पूर्वाधारका रुपमा स्थापित गर्दै प्राथमिक तहलाई आधारभूत गुणस्तरीय शैक्षिक  पूर्वाधारको रुपमा विकास गरी कक्षा १ सम्म दिवा खाजा व्यवस्थापन तथा बाल शिक्षकको सीप विकास गरिनेछ ।
- विद्यालयको हालको भौतिक,शैक्षिक अवस्थाको अध्ययन प्रतिवेदन,योजना निर्माण,अनुसन्धान,अध्ययन भ्रमण र बैठक संचालनबाट विद्यालयको सर्वोपरि विकासलाई प्रवर्द्धन गर्दै बालमैत्री सिकाई वातावरण सिर्जना गर्न उपयुक्त सिकाई सामाग्री तथा भौतिक पूर्वाधारको व्यवस्था गर्दै लगिनेछ ।
- निर्माणात्मक मूल्यांकन प्रणाली अन्तरगत निरन्तर विद्यार्थी मूल्यांकन  प्रणालीलाई सुदृढीकरण गर्दै शैक्षिक सामाग्रीयुक्त बालमैत्री सिकाईबाट शिक्षकलाई  सिकाई सुनिश्चितताको अवधारणामा समाहितीकरण गर्दै लगिनेछ ।
- आधारभूत तहको अन्तिम परीक्षा लगायत अन्य स्तरमापन परीक्षा र मूल्यांकन प्रणालीलाई सुधार गर्दै बालबालिकाको सिकाई स्तरलाई गुणात्मक शिक्षा सँग आबद्ध गर्दै लगिनेछ ।
- अनिवार्य तथा निशुल्क आधारभूत शिक्षाकालागि  भर्ना अभियान,अतिरिक्त कक्षा संचालन,विद्यार्थी सहयोग जस्ता पक्षमा प्रोत्साहन तथा सहयोगमा आधारीत कार्यक्रम संचालन गरिनेछ ।
- धार्मिक विद्यालयहरुलाई शैक्षिक मूलप्रवाहमा समाहीकरण गर्नुका साथै त्यस्ता विद्यालयको भौतिक तथा शैक्षिक सुधार  गर्ने नीति अवलम्बन गरिनेछ ।
- प्राविधिक शिक्षालयको विकास तथा  प्रवर्द्धन गरी व्यवसायिक सीपयुक्त जनशक्ति विकासका लागि शैक्षिक कार्यक्रम निर्माण गर्ने तथा अल्पसंख्यक र पिछडिएका विद्यार्थीका लागि  विशेष सहयोग कार्यक्रम संचालन गरिनेछ ।

- फरक क्षमता भएका (अपाङ्गता) सामुदायिक तथा संस्थागत विद्यालयका बालबालिकाहरुका लागि अपाङ्गतामैत्री भौतिक पूर्वाधार निर्माण गर्ने तथा अन्य सहयोग सम्बन्धि सुधारको नीति अवलम्बन गरिनेछ ।
- संस्थागत विद्यालयहरुलाई व्यवस्थित गर्न आवश्यक नियमनकारी नीति निर्माण गर्दै गरिब जेहेन्दार बालबालिकालाई तोकिएको छात्रवृत्ति तथा अन्य सहयोग अनिवार्य प्रदान गर्ने व्यवस्था गरिनेछ ।
- नगरमा संचालित क्याम्पसहरुलाई संघीय तथा प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गरी आवश्यक सहयोग गर्ने नीति अवलम्बन गर्दै लगिनेछ ।
- प्रारम्भिक बाल विकास राष्ट्रिय पाठ्यक्रम सँग सामाञ्जस्यता कायम गर्दै स्थानीय आवश्यकतालाई पूरा गर्न सक्ने बाल विकास केन्द्रको पाठ्यक्रम तथा आधारभूत तहकालागि स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्ने नीति अवलम्बन गरिनेछ ।
- सार्वजनिक विद्यालयहरुको गुणस्तर अभिवृद्धिकालागि सूचना प्रविधिमा आधारित शिक्षण सिकाई क्रियाकलाप संचालन गरी शिक्षकको क्षमता अभिवृद्धि गर्न विद्यालयमा सूचना प्रविधिमैत्री भौतिक पूर्वाधार विकास गरिनेछ ।
- शिक्षक विद्यार्थी अनुपात बढी भएका तथा कक्षागत शिक्षक नभएका विद्यालयहरुलाई स्वयं सेवक शिक्षक परिचालन गर्ने विद्यालयलाई अनुदान उपलब्ध गराउने नीति लिईनेछ ।
- नगर क्षेत्र भित्र रहेका शैक्षिक संस्थाहरु(ट्युसन सेन्टर,कोचिङ कक्षा,भाषा शिक्षण,सांस्कृतिक केन्द्र)नगरमा सूचिकृत गरी अभिलेखीकरण गरिनेछ ।
- नगरमा कार्यरत बाल शिक्षक तथा कर्मचारीलाई प्रोत्साहनका साथ शैक्षिक गुणस्तर अभिवृद्धि गरी प्रवर्तनात्मक उच्च कार्यसम्पादन क्षमता भएका शिक्षक तथा कर्मचारीहरुलाई कार्यसम्पादनको आधारमा पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- अभिभावकविहीन भई अभिभावकत्व गुमाएका बालबालिकाहरुलाई शैक्षिक पहूँच बनाई राख्न संरक्षकत्वको व्यवस्था मिलाउन पहल गरिनेछ ।
- नगर खेलकुदलाई प्रभावकारी बनाउन विद्यालयमा रहेका जुनियर रेड क्रस,स्काउट र बाल क्लब जस्ता संस्थालाई सक्षम बनाउँदै तिनको परिचालनद्वारा बालबालिकाहरुका लागि कला,संगीत, खेलकुद तथा सहकार्यकलापहरु जस्ता कार्यक्रम संचालन गरिनेछ ।
- नमूना विद्यालय विकासको अवधारणालाई प्रारम्भिक तयारीको रुपमा आधारभूत तहका विद्यालयहरुलाई नमूना विद्यालय तोकी प्रभावकारी रुपमा संचालन गर्न प्रोत्साहन अनुदान मार्फत विद्यालयको शैक्षिक तथा भौतिक व्यवस्थापनमा सुधार गर्न परामर्शदाता मार्फत विद्यालयको व्यवस्थापन र प्रशासनिक सुधार गरिनेछ ।
- नगरभित्र रहेका युवाहरुलाई लक्षित गर्दै लागुपर्दाथको दुर्व्यसनबाट बचाउन तथा सुरक्षित बैदेशिक रोजगार सम्बन्धी सचेतीकरण कार्यक्रमका साथ युवा लक्षित क्रियाकलाप संचालन गरिनेछ ।
- नगरमा संचालन गरिने विभिन्न खेलकुदलाई प्रवर्द्धन गर्नकालागि आवश्यक प्रशिक्षकहरु तयार गरी खेलकुद गतिविधिलाई प्रभावकारी बनाईनेछ ।
- नगरभित्रका विभिन्न शैक्षिक गतिविधिहरुलाई सुसूचित गराउन शैक्षिक क्यालेण्डर,बुलेटिनको प्रकाशन तथा प्रसारणको कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरक्षेत्रभित्र रहेका सामाजिक, सांस्कृतिक, जातिय, भाषिक, लैङ्गिक आदि विभेद तथा असमानताहरुलाई निर्मुल पार्न सवै सरकारी,गैरसरकारी,निजी क्षेत्र र सर्वसाधारण नागरिक सँग सहकार्य गरि विभिन्न कार्यक्रमहरु वनाई कार्यान्वयन गरिनेछ।

- अनिवार्य शिक्षाको लागि भर्ना अभियान, घरमै पढाउने अभियान सञ्चालन गर्दै प्राविधिक शिक्षालयहरु सञ्चालन र हाल सञ्चालनमा रहेका प्राविधिक तथा नमुना विद्यालयको स्तर वृद्धि गरिनेछ ।
- मुसहर,डुम तथा अन्य पछाडि परेका/पारिएका बस्तीहरुमा विद्यालय भर्ना अभियानलाई प्रभावकारी वनाई समुदायमै पुगेर अभिमुखिकरण गरि विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी वनाईनेछ ।
- प्राविधिक, गैर-प्राविधिक र व्यवसायिक विषयमा जनशक्ति उत्पादनलाई प्राथमिकता दिई सो अनुरुप कार्याक्रम निर्माण गरी लागुगरिनेछ ।
- गौरादह कृषि क्याम्पस लाई प्रदेश नं १ को कृषि विश्वविद्यालय बनाउन र यसलाई शैक्षिक आकर्षणको केन्द्र बनाउन प्रदेश सरकार सँग सहकार्य गरी अगाडि वढाइनेछ । उक्त क्याम्पसलाई निरन्तर सहयोग गरी व्यवस्थित गर्न पहल गरिनेछ ।
- नगरमा शिक्षा, खेलकुद, साहित्य, कला, विज्ञान, सेवा, सहकारी , पत्रकारिता, आदि क्षेत्रमा विशेष योगदान दिने व्यक्तिहरुलाई प्रोत्साहित गर्न हरेक वर्ष सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।
- खेलकुदलाई बालबालिकाको स्वस्थ्य विकास, युवाहरुको व्यक्तित्व विकास निर्माण तथा नगरको पर्यटन विकासको सुत्रका रुपमा विकास गर्दै गौरादहलाई खेलकुद शहर बनाउने ।
- नगरभित्र विभिन्न मेयर/उपमेयर कप क्रिकेट तथा अन्य खेलकुद प्रतियोगिताहरु सञ्चालन गरिनेछ।
- निर्माणाधिन कवर्डहलको निर्माण कार्यलाई निरन्तरता दिदै राष्ट्रिय खेलकुद परिषद्सँग सहकार्य गरी अत्याधुनिक क्रिकेट रंगशाला निर्माण गर्न पहल गरिनेछ।
- खेलकुद मार्फत नागरिकको शारिरीक, मानसिक स्वास्थय, सामूहिक हित तथा भावनाको विकास गरि जिवनयापन गर्न प्रोत्साहन गरिनेछ।

## (२).स्वास्थ्य , खानेपानी तथा सरसफाई

- स्वास्थय चौकी भवन नभएका वार्डहरुमा वडा स्वास्थ्य चौकी भवन निर्माण गर्न स्थानीय तह र संघको साझेदारीमा कार्यक्रम अगाडी वढाईनेछ ।
- पूर्ण पोषणयुक्त नगर/वडा अभियान, सुनौलो एक हजार दिन तथा महिला/वालवालिका लक्षित कार्यक्रम संचालन गरिनेछ ।
- पूर्ण संस्थागत (zero home delivery) सुत्केरी नगरपालिका कार्यक्रम संचालन गरिनेछ ।
- पूर्ण खोपयुक्त नगरक्षेत्रको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- महिला तथा ज्येष्ठ नागरिकहरुको सम्मानमा मुटु, हाइड्रोसिल, एल्जाइमर, पाठेघर खस्ने, फिस्टुला, स्तन क्यान्सर यु.एस.जी.गाइड एफ.एन.ए.सी मनोसामाजिक परामर्श आदि रोगको उपचारको लागि/उपचारात्क सेवा प्रदान गर्नका लागि गौरादह,स्कूलचौन,दामुना,जुरोपानी र वैगुन्धुरामा रोग विशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- वर्थिङ सेन्टर स्थापनाको लागि पूर्वाधार तयार गरिनेछ र पूर्वाधार तयार भईसकेका स्वास्थ्य चौकीहरुलाई ल्याब र वर्थिङ सेन्टर सञ्चालनमा ल्याईनेछ ।
- महिला स्वास्थ्य स्वंम सेविकाहरुको लागि यातायात खर्च मासिक रुपमा वितरण गर्न मासिक १५०० का दरले दिईनेछ ।
- महिला स्वास्थ्य स्वंम सेविकाहरुलाई दिर्घकालिन सम्मानजनक विदाईको लागि ६० हजारका दरले दिईनेछ ।
- अपाङ तथा असक्तहरुलाई निशुल्क स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गरिनेछ ।

- डेंगु,मलेरिया जस्ता आपतकालिन व्यवस्थापन, सचेतना कार्यक्रम तथा उपचार तथा किटनाशक औषधि छिट्काउ कार्यक्रम संचालन गरिनेछ ।
- कक्षा ५ सम्मका वालवालिकाहरुका लागि दाँत तथा मुखको क्यान्सर सम्वन्धी स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- नेपाल सरकारले निःशुल्क वितरण गर्ने औषधीहरुको सूची सम्पूर्ण स्वास्थ्य चौकीहरुमा टाँसी तोकिएका औषधिहरु उपलब्ध गराइनेछ ।
- सामुदायिक स्वास्थ्य तथा सरसफाई प्रवर्द्धनको लागि महिला स्वास्थ्य स्वयं सेविका र महिला समूहहरु परिचालन गरिनेछ ।
- नगर लाई शून्य मातृ मुत्युदर भएको नगरको रुपमा विकास गर्न सबै गर्भवती महिलाहरुको निःशुल्क स्वास्थ्यजाँच तथा उचित परामर्शको व्यवस्था गरिनेछ ।
- निजी क्षेत्रलाई चिकित्सा सेवा उपलब्ध गराउन स्वीकृती प्रदान गर्दा भौतिक पूर्वाधार तथा चिकित्सा सेवाको स्तरको मापदण्ड निर्धारण गरेर मात्र प्रदान गरिनेछ।
- स्वास्थ्य स्वयम् सेविकाहरुको भूमिकालाई थप प्रभावकारी बनाइनेछ ।
- सक्षम एवं जवाफदेही, समन्वय, अनुगमन तथा नियमन संयन्त्र एवं प्रकृयाद्वारा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गरिनेछ ।
- गौरादह न.पा.अर्न्तगत स्वास्थ्य सेवा सञ्चालन नभएका स्वास्थ्य चौकी महारानी,जुरोपानी,वैगुन्धुरामा गुणस्तर स्वास्थ्य सेवा सञ्चालनका लागि दक्ष कर्मचारीको व्यवस्था गरि सञ्चालन गरिनेछ ।
- सुरक्षित मातृत्वमा वडाहरुलाई प्रभावकारी वनाउइनेछ ।
- स्वास्थ्य वीमालाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि नगरको केन्द्रविन्दुको रुपमा रहेको गौरादह हेल्थ पोष्टमा २ जना एम.बी.बी.एस.डाक्टर,२ जना स्टाफ नर्स,१ जना रेडियो ग्राफर,१ जना ल्याब टेक्नीसियन तथा डिजिटल एक्सरे सेवा सञ्चालनमा ल्याईनेछ ।
- अति विपन्न नागरिकहरुको लागि प्रतिवडा ५० जनाका दरले निशूल्क स्वास्थ्य वीमा कार्यक्रम लागु गरिनेछ ।
- ज्येष्ठ नागरिकहरूको आवश्यकता वमोजिमको उपयुक्त स्वास्थ्य सेवा,हेरचाह र सहयोगको एकीकृत कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।
- स्वास्थ्य सम्बन्धी नीति निर्माण, सेवा प्रवाह र जनचेतनाको लागि नीजि तथा गैरसरकारी क्षेत्रसँग समन्वय र साझेदारी गरिनेछ ।
- अति विपन्न वर्गका गर्भवती १०० जना महिलाहरुको निशूल्कस्वास्थ्य विमा गरिनेछ ।
- गुणस्तरीय एवं स्वास्थ्यवर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, प्रयोगमार्फत कुपोषणलाई न्यूनीकरण गर्ने वहुपक्षीय पोषण कार्यक्रम अभिवृद्धि गरी कुपोषणयुक्त वालवालिकालाई रु.२,०००। नगर स्वास्थ्य शाखाको सिफारिस अनुसार उपलब्ध गराइनेछ । र स्वास्थ्य संरक्षण तथा प्रवर्द्धनका लागि वातावरण प्रदूषणको प्रभावकारी नियन्त्रण गर्दै स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिक अधिकारलाई सुनिश्चित गरिनेछ ।
- राज्यद्वारा प्रदान गरिने स्वास्थ्य सेवामा गरिब, सीमान्तकृत, अपांगता भएका व्यक्ति र जोखिममा रहेका समुदायको पहुँच सुनिश्चित गर्न समतामूलक र सामाजिक न्यायको आधारमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- सवै वडाहरुमा नसर्ने रोगहरु(उच्च रक्तचाप,मधुमेह,मानसिक स्वास्थ्य सम्वन्धि स्वास्थ्य सेवा प्रत्येक टोल तथा वस्तीहरुमा संचालन गरिनेछ ।

- संघीय सरकार/प्रदेश सरकार संघ समन्वय गरि ५० वेडको अस्पताल निर्माणका लागि पहल गरिनेछ ।
- गौरादह नगरपालिका वासी ७० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरुलाई उच्च रक्तचाप र मधुमेहका विरामीहरुलाई Amlodipinic 5/10 mgr Metformin 500 mg औषधी निशूल्क वितरण गरिनेछ ।
- गौरादह नगरपालिकामा रहेको आयुर्वेद शाखा अन्तर्गतका कार्यक्रमहरुलाइ थप प्रभावकारी बनाइनेछ ।
- खोप, स्वास्थय सेवा, पोषणयुक्त खानाको पर्याप्तता र स्याहार सम्भार बाट वाल मृत्युदर घटाइनेछ ।
- गर्भवति महिला र बच्चाको नियमित स्वास्थ्य परीक्षण, उपचार,पोषण र संरक्षण गरिनेछ ।
- सुर्तिजन्य पदार्थमा नियन्त्रण गर्न घरेलु मदिरा उत्पादन र विकी वितरण लाई प्रभावकारी रुपमा अनुगमन गरी नियन्त्रण गरिनेछ ।
- सुत्केरी महिलाहरुलाई २ सन्तान जन्मदा सम्म रु २,०००।- पोषण भत्ता दिइने कार्यक्रम लाई निरन्तरता दिइनेछ ।
- बालस्वास्थ्य तथा महिला स्वास्थ्यको बिषयमा प्रत्येक वडामा स्वास्थ्य स्वयम्सेविका मार्फत् टोलटोलमा महिला सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

- लागु औषध तथा दुर्व्यसनी नियन्त्रण गर्न खोलीएका पुनर्स्थापना केन्द्रहरुलाई नीतिगत तथा आर्थिक सहयोग प्रदान गरिनेछ ।
- भूमिगत पानीको अत्याधिक दोहन भएकाले त्यसको भरणका लागी प्रदेश तथा केन्द्र सरकार सँग सहकार्य गरी बैगुन्धुरा क्षेत्रमा ठूला पोखरी तथा पानीभरण केन्द्रहरु निर्माण गरिनेछ ।
- एक घर एक धारा को नीति बनाई खानेपानी प्रयोगको लागि नगरका सबै घरमा खानेपानीको धारा जडान गर्न आवश्यक कार्य तत्काल अगाडि बढाइनेछ ।
- निर्माणाधीन तथा सञ्चालनमा रहेका खानेपानी आयोजनाहरुको विस्तार गर्न, सञ्चालन गर्न र खानेपानी आयोजना निर्माण कार्य समयमै सम्पन्न गर्न पहल गरिनेछ।
- भूमिगत जलको समुचित प्रयोगको नीति तर्जुमा गरी कार्यन्वयन गरिनेछ ।
- गौरादह नगरक्षेत्रका पानीका श्रोतहरु (पोखरी, नाला-पैनी आदि) को संरक्षण तथा सम्बर्द्धन गरिनेछ।
- नगरपालिका भित्रको खानेपानीको संरचनाको संरक्षण, मर्मत संभार तथा स्थानान्तरणका लागि उपभोक्ता संस्थााहरुसँग समन्वयात्मक रुपले काम गरिनेछ।
- खानेपानी सुरक्षायोजनालाई प्रभावकारी संचालन गर्न आर्सेनिक जाच कार्यक्रम अगाडि वढाइनेछ ।
- पोखरी, तालतलैया, धार्मिक स्थल, खानेपानीका मुहान, खुल्ला क्षेत्र, सडक, टोल तथा अन्य सार्वजनिक स्थलको सरसफाइ एवम व्यवस्थित गरिनेछ ।
- नगरमा एक फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गरिनेछ ।
- फोहोर मैला व्यवस्थापन नीति तथा कार्यविधिको कार्यान्वयन गरिनेछ ।
- वातावरणीय सरसफाई नीति निर्माण गरि लागू गरिनेछ ।
- आवश्यकताअनुसार बजारहरु तथा सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालयको व्यवस्थापन १ वर्ष भित्र गरिनेछ ।
- नगरको बजार क्षेत्रमा टोल विकास संस्थाहरुसँगको सहकार्यमा ठाँउठाउँमा फोहोर राख्ने कन्टेनरहरुको व्यवस्था गरिनेछ।

- हरेक उद्योग, कलकारखाना, विद्यालय, कलेज हाटबजार, मेला आदिबाट उत्सर्जन हुने फोहोरको व्यवस्थापन सम्बन्धित संस्था तथा व्यवस्थापन समितिलाई जिम्मा दिने गरी नीति तर्जुमा गरिनेछ।

**(३)धर्म संस्कृति**

- नगर क्षेत्रभित्र मठमन्दिर, ग्रामथान, महाराजथान, मस्जिद, गुम्बा, घाट समाधिस्थलहरुको उचित संरक्षण तथा सम्बर्द्धन गरिनेछ ।
- नगरमा एक विज्ञान संकाय तथा प्राविधिक विद्यालय स्थापनाको सम्भाव्यता अध्ययन गरिनेछ।
- जन स्तरबाट निर्माण भइरहेको सङ्गीत साधना प्रतिष्ठानलाई आवश्यक सहयोग गरिनेछ।
- लोपोन्मुख बाजागाजा, सांस्कृतिक परम्परा आदिको आवश्यक संरक्षण गरिनेछ।
- नगर क्षेत्र भित्र रहेका नानक चन्द बाबाको मन्दिर, कृष्ण प्रणामी, दुर्गामाता, राधाकृष्ण, शिव, सिंहदेवी, पाथीभरा मन्दिर,सिद्धेश्वर शिवालय, त्रिपुरेश्वर शिवालय, जानकेश्वरी शिवालय, हलेश्वरी शिवालय, पञ्चेश्वर, गणेश, दुधाली महाराजथान लगायतका मठ मन्दिरहरु, गुम्बा, चर्च, मस्जिदलगायतका विभिन्न धर्मावालम्वीहरुको आस्थाका स्थानहरुलाई पर्यटीकय गन्तव्यका रुपमा विकसित गर्दै लगिनेछ ।
- यस नगरपालिकाका कृषि, पशुपालन, साना तथा मझौला उद्योग, महिला शसक्तिकरण, स्वास्थ्य तथा शिक्षा खानेपानी तथा सरसफाई,विपद व्यवस्थापन, बालबालिका, लोपोन्मुख, सिमान्तकृत,अतिसिमान्तकृत,आर्थिक,सामाजिक तथा शैक्षिकरुपमा पछाडी परेका समुदाय जस्ता विषयहरुमा शोध,अनुसन्धान र अध्ययन गर्न स्थानिय स्तरका स्कुल,कलेज,शैक्षिक संस्थाहरुका विद्यार्थीहरुलाई छात्रवृद्धि प्रदान गर्ने र सो अध्ययन अनुसन्धान नगरपालिकाको आधिकारीक वेभसाइटमा सार्वजनिक गरिनेछ ।

**(४).लक्षित वर्गको विकास**

- दलित, सीमान्तकृत, विपन्न वर्ग, आदिवासी जनजाती, मधेशी, मुस्लीम पिछडावर्ग र महिलाहरुको सरकारी सेवामा पहुँच बृद्धि गर्न बिशेष कार्यक्रमहरु (लोकसेवा तयारी कक्षा आदि) सञ्चालन गरिनेछ ।
- नगरभित्रका वास्तविक सुकुम्वासीहरुको पहिचान गरी सुकुम्बासी परिचयपत्र वितरण गर्नुका साथै सुकुम्बासी बस्तीको उचित व्यवस्थापन गरिनेछ ।
- नगर क्षेत्र भित्र एक आदिवासी जनजाती सांस्कृतिक केन्द्र स्थापना गर्ने कार्य प्रारम्भ गर्ने ।
- अपाङ्गहरुका लागि अपाङ्ग सपोर्ट सामाग्रीको व्यवस्था गरिनेछ ।

**घ) वातावरण तथा विपद् व्यवस्थापन :**

- सार्वजनिक स्थलहरुको अतिक्रमण रोक्न कडा नीति वनाई लागु गरिनेछ ।
- मापदण्ड विपरितका प्लास्टिकका झोला र वातावरणमा प्रतिकुल असर पार्ने सामाग्रीको प्रयोग नियमन/नियन्त्रण गरिनेछ ।
- संघ प्रदेश र स्थानीय तहबीच समन्वय गरी संविधान प्रदत्त वन, वातावरण, र विपद सम्बन्धि अधिकारको अभ्यासलाई सुरक्षित बनाइनेछ ।
- वन वातावरण र विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन संस्थागत क्षमता बढाउने, जनशक्ति व्यवस्थापन, स्थानीय सहभागिता प्रवर्धन गरिनेछ।

- वस्ती अयोग्य स्थानमा बसोबास गर्ने घर परिवारको सुरक्षा र खेती योग्य जमिन संरक्षणको लागि भू संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- जलाधार संरक्षणको लागि प्राकृतिक पोखरी संरक्षण तथा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपद् व्यवस्थापनकोष वृद्धि गरि प्राकृतिक प्रकोपमा परेका परिवारको संरक्षणमा जोड दिइनेछ ।
- नगर विपद् व्यवस्था कोषको स्थापना गरी बिपद्मा परेका अतिबिपन्न नगरवाासीहरलाई  सम्म तत्काल राहत दिने व्यवस्था मिलाइनेछ ।
- नयाँ बन्ने सडकको दुबैतर्फ बिरुवा रोप्ने र जगेर्ना गर्न उपभोक्तालाई प्रोत्साहनस्वरुप सम्मान प्रदान गरिनेछ।
- कन्काई सिचाइ आयोजनाको बैगुन्धराको करिब ६ कि.मि. को दाँया बाँया हरियाली बनाउन ग्रीन वेल्ट निर्माणका लागी संघीय सरकार, प्रदेश सरकारको बन तथा भू-संरक्षण मन्त्रालय समक्ष आवश्यक पहल गरिनेछ।
- एक घर दुई बिरुवाको नारा सहित नगर नागरिक साझेदारी मा प्रत्येक घरमा कम्तीमा दुईवटा बिरुवा रोप्न अनिवार्य गरिनेछ।
- सार्वजनिक जग्गाको पहिचान गरि संरक्षण गरिनेछ।
- सडक व्यापारलाई व्यवस्थित गर्दै लैजानेछ ।
- आगलागि नियन्त्रण सहजता प्रदान गर्न नगरका आवश्यक स्थानहरुमा खानेपानी संस्थाहरुसँगको सहकार्यमा फायर हाइड्रान्ट जडान गरिनेछ।
- भुस्याहा कुकुर नियन्त्रण तथा व्यवस्थापन गरिनेछ ।

**ङ) संस्थागत विकास तथा क्षमता विकास**

- नगरपालिकाले विषयगत तथा प्राविधिक जनशक्ति (आर्किटेक्ट, सिभिल, एग्रिकल्चरल इन्जिनियर) आदि तयार गर्न अध्ययन् गर्ने र सो अनुरुप योजना वनाउन पहल गरिनेछ ।
- नेपालको संविधान तथा कानूनबमोजिम स्थानीय तहबाट प्रवाह गरिने बिषयगत सेवालाई प्रभावकारी, जनमैत्री, जनउत्तरदायी, पारदर्शी ढङ्गबाट प्रवाह गर्ने र सोका लागि नगर मातहतमा रहेर सबै कर्मचारीहरुलाई आवश्यक सेवाकालिन तालिम प्रदान गरी दक्ष, सीपयुक्त, जनमैत्री, जनउत्तरदायी र जवाफदेही बनाउने कार्यक्रम संचालन गरिनेछ ।
- माइकिङ्गद्धारा बिज्ञापन गर्दा नगरपालिकासँग अनुमति लिनुपर्ने व्यवस्था मिलाइने ।
- सम्पूर्ण बिषयगत कार्यालयहरुलाई एक आपसमा सूचना प्रविधि मार्फत जोडिनेछ ।
- टोल विकास संस्थाहरुलाई व्यवस्थित ढङ्गले परिचालन गर्नका लागि नीति नियम निर्माण गरिनेछ।
- लागूपदार्थ ओसारपसार प्रयोग, जुवातास तथा देहव्यपार जस्ता असामाजिक गतिविधिलाई शून्यमा झार्न आवश्यक नीति नियम तथा निर्माण गरी कार्यान्वयन गरिनेछ।
- श्रम तथा रोजगारीको अवसरमा रहेको जातिय तथा लैङ्गिक समावेशी तथा समतामूलक समाजको निर्माण गर्ने र श्रम निरीक्षण प्रणाली मार्फत सबै प्रकारका श्रम शोषणको अन्त्य गरिनेछ।
- नगरभित्र रहेका बेरोजगार, अर्धबेरोजगार, तथा अदृश्य बेरोजगारहरुको आवधिक तथ्याङ्क सङ्कलन गर्नुका साथै सीपमुलक तथा रोजगारमूलक तालिमका माध्यमबाट अर्धबेरोजगारी तथा अदृश्यबेरोजगारीको समस्या समाधान गर्नका लागि बिशेष कार्यक्रम सञ्चालन गरिनेछ।

- नगरमा युवा प्रोफाइल डेस्कको स्थापाना गरेर रुची र खुवी अनुसार युवाहरुलाई अभिमुखीकरण तालिम प्रदान गरी कृषि मजदुर,औद्योगिक मजदुर,सिकर्मी डकर्मी विद्युत प्राविधिक, प्लम्बर जस्ता जनशक्ती तयार गर्न तालीम दिने व्यबस्था मिलाइनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न नगर क्षेत्र भित्र सूचिकृत वेरोजगारहरुको क्षमता विकास तथा उद्यमशीलताको विकास गर्न श्रम तथा सामाजिक सुरक्षा मन्त्रालय सँग आवश्यक समन्वय गरिनेछ ।

**<u>च)सुशासन र बित्तीय व्यवस्थापन सुशासन :</u>**

- वित्तीय अनुशासन कायम गर्न शून्य पेस्की नीति लागू गरिनेछ ।
- हाल नगरपालिकाको नाममा रहेको बेरुजु फछ्र्यौट गर्ने नीति लिइनेछ ।
- कर वृद्धि भन्दा करको दायरा विस्तार गर्न नीति लिइनेछ ।
- नगरपालिका र वडा कार्यालयहरुमा सेवाग्राहीका लागि गुनासो सुनुवाईको भरपर्दो व्यबस्था गरिनेछ।
- आर्थिक पारदर्शिताका लागि नगरपालिका भएका हरेका आर्थिक कारोबारहरु वेव साइड मार्फत नियमित रुपमा सार्वजनिक गरिनेछ।
- नगरपालिकाले प्राप्त  गर्ने आय र खर्च गरीने भुक्तानी प्रणाली अनलाइन पद्धती बाट गर्ने व्यवस्था मिलाउने साथै सबै वडा कार्यालयहरु र विषयगत कार्यालयहरुलाई इन्टरनेट मार्फत एकीकृत गरिनेछ।
- स्थानीय तहले कानून अनूसारप्राप्त गर्नुपर्ने कर,दस्तुर,सेवाशुल्क समयानुकुल वैज्ञानिक व्यवहारिक,नगरमैत्री तथा पारदर्शी बनाई नगरको समग्र आन्तरिक आयमा बृद्धि गरिनेछ।
- नगरबाट गरिने सम्पूर्ण ठेक्कापट्टाहरु ई-बिडिङ मार्फत गरिने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ।
- भ्रष्टचारमा शुन्य सहनशिलता अपनाइनेछ ।
- आर्थिक सुशासनका लागि आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
- लेखापरीक्षणबाट देखिएको बेरुजुलाई समयमै फछ्र्यौट गर्ने व्यवस्था मिलाइनेछ ।
- नगर तथा वडाहरुमा सार्वजनिक सुनुवाई गर्ने व्यवस्था मिलाइनेछ ।
- आर्थिक कारोबार तथा कार्यका लागि व्यवस्थित आन्तरिक नियन्त्रण पद्दतीको व्यवस्ता गरिनेछ । भ्रष्ट्रचार र अनियमितता विरुद्ध कडाइका साथ नियन्त्रण गरि यसका विरुद्ध जनचेतना वृद्धि गरि पारदर्शिता, जवाफदेहिता, विधिको शासन आदिलाई सुदृढीकरण गर्दै यसका लागि व्यवहारमा अनुभुत हुने प्रकारको कार्यक्रमहरु संचालन गरिनेछ ।
- नगरपालिकाको सुशासन नीति तयार गरि लागू गरिनेछ।
- आम जनतालाई पायक पर्ने स्थानमा आवश्यकता अनुसार एकीकृत सेवा केन्द्र स्थापना गरी नगरपालिका बाट सेवाग्राहीलाई प्रभावकारी सेवा उपलब्ध गराइनेछ ।
- सेवाग्राहीलाई नम्र, सभ्य र सम्मानपूर्वक विना भेदभाव व्यवहार गर्न सेवा प्रदायकहरुलाई अभिप्रेरित गरिनेछ ।
- सुचना प्रविधिको उच्चतम उपयोग गरि शासकीय व्यवस्थालाई पारदर्शी,जवाफदेही र सेवाग्राहीमैत्री वनाइनेछ ।
- सेवा प्रबाहमा प्रवक्ता,सुचना अधिकारीको कार्यविवरण तयार गरी लागू गरिनेछ।
- गुनासो सुनुवाई गर्न वडा कार्यालयहरुमा गुनासो संयन्त्र निर्माण गरिनेछ।

- सुशासन सम्बन्धी जनप्रनिधीहरु तथा कर्मचारीहरुको क्षमता विकास गरिनेछ।
- समग्र क्षेत्रको सुचना संकलन अद्यावधिक तथा प्रदर्शन गरिनेछ।
- सुरक्षा निकाय सँग समन्वय गरी सार्वजनिक सम्पत्तिको संरक्षण,स्थानीय सरकारको नीति, निर्णय, मापदण्ड र कानूनको कार्यान्वयन गरिनेछ ।
- व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह जस्ता महत्वपूर्ण तथ्याङ्कलाई अनलाइन प्रणालीबाट प्रादेशिक तथा केन्द्रीय निकायमा नियमित रुपमा पठाउने व्यवस्था गरिनेछ ।
- भष्ट्रचार र अनियमितता विरुद्ध कडाइका साथ नियन्त्रण गरि यस्का विरुद्ध जनचेतना वृद्धि गरि पारदर्शिता, जवाफदेहिता, विधिको शासन आदिलाई सुदृढीकरण गर्दै यसका लागि व्यवहारमा अनुभुत हुने प्रकारको कार्यक्रमहरु संचालन गरिनेछ ।
- विधुतिय सुशासनको अबधारणा बनाई गौरादह वजारमा Digital Notice Board मार्फत नगरपालिकाको सूचनाहरुबारे सुचित गर्ने कार्यक्रम ल्याईनेछ ।

**छ)सामाजिक सुरक्षा :**

- नगरपालिकाको न्यायिक समितिको कार्यसम्पादनलाई थप चुस्त दुरुस्त वनाउन आवश्यक स्रोत साधन र जनशक्तिको व्यवस्थापन गरिनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी वनाउदै लगिनेछ ।
- महिला हिंसा, बलत्कार, यौन शोषण, वालविवाह, अनमेल विवाह, मानव वेचविखन तथा ओसार पसार आदिलाई प्रभावकारी रुपमा नियमन र अनुगमन गरि नियन्त्रण तथा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- लैंगीक समता र सामाजिक समावेशीकरण विरुद्धमा हुने कार्य प्रति शुन्य सहनशिलताको नीति लिइनेछ ।
- वालवालिका, ज्येष्ठ नागरिक, विभिन्न अपाङ्गता भएका व्यक्ति आदिलाई न.पा.ले आफ्नो स्रोत साधनले भ्याए सम्म संरक्षण गरिनेछ।
- सडक बालबालिकाको उचित पुनर्स्थापना गरी नगरलाई २ वर्ष भित्रमा सडक बालबालिकाबिहीन बनाइनेछ ।
- भवन संहितामा अपांगतामैत्री, जेष्ठ नागरिकमैत्री र बालमैत्री संरचना निर्माणको प्रावधान राखिनेछ ।
- अपाङ्ग, ज्येठ नागरिक, एकल महिलाहरुको परिचय पत्र सुलभ तरिकाबाट उपलब्ध गराउने व्यवस्था र सामाजिक सुरक्षा भत्ता वितरणका लागि कार्यविधी लाई सहज सरलीकरण गरिनेछ ।
- नेपाली संस्कृतिबमोजिम ज्येष्ठनागरिकहरुलाई उनीहरुको परिवारमै सम्मानजनक बसोबास तथा स्याहारसुसार, सासु वुहारी, महिला पुरुष सम विकास लागि आवश्यक जनचेतना तथा अभियानहरु सञ्चालन गरी बढ्दो बृद्धाश्रम संस्कृतिलाई निरुत्साहित गरिनेछ।

**ज) सुचना प्रविधि तथा संचार :**

- संचार माध्यमलाई निष्पक्ष,व्यवसायिक र जिम्मेवारी वनाउने र महत्वपूर्ण उद्योगको रुपमा विकास गरिनेछ ।
- आधुनिक संचार तथा संचार प्रविधिमा आम जनताको पँहुच स्थापित गरिनेछ ।
- सार्वजनिक सेवा प्रवाहलाई सुचना प्रविधि सँग जोडी छिटो छरितो, गुणस्तरीय, पारदर्शी र चुहावट रहित वनाईनेछ ।

- डिजीटल नगर प्रोफाइल तयार गरि नगरको तथ्याङ्कलाई सुव्यवस्थित गरिनेछ ।
- सवै वडा कार्यालयहरुमा ईन्ट्रानेट विस्तार गरि सेवाको ईन्टरकनेक्टीभिटी वढाईनेछ ।
- वडा कार्यालयहरुमा सि.सी.टिभी जडान गरिनेछ ।
- स्थानीय एफ.एम., सामुदायिक रेडियो र स्थानीय तहबाट प्रकाशित/प्रशारित हुने आम संचारको दर्ता, संचालन, नवीकरण प्रभावकारी रुपमा गरिनेछ ।
- मातृभाषामा प्रसारित एफ.एम. रेडियो, सामुदायिक रेडियो, पत्रपत्रिका आदिलाई पर्वद्धन र प्रोत्साहन गरिनेछ ।
- विभिन्न सञ्चारको माध्यम मार्फत विपद जोखिम न्यूनिकरण सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- लैंगीक समता र सामाजिक समावेशीकरणबारे जनचेतनाको निम्ति विभिन्न सञ्चार माध्यमको प्रयोग र परिचाल गरिनेछ ।
- नगरपालिकाद्धारा सम्पादन गरेका कार्यहरु रेडियो मार्फत तथा नगर वुलेटिन प्रशारित गरि सम्पूर्ण नागरिक माझ सार्वजनिक गरिनेछ।
- स्थानीय तहको शासन र प्रशासनिक संयन्त्रलाई समावेशी, सेवामुखी, स्तरीय, विधिसम्मत र जनमैत्री बनाउने लक्ष्य लिएको छ । सरकारी सेवाप्रदायक निकायमा दक्षता, जवाफदेहिता, पारदर्शिता, प्रभावकारिता र भ्रष्टाचारमुक्त शासन सुनिश्चित गर्न विभिन्न रेडियो, पत्रिका, अनलाईन र मोवाइल एप्स मार्फत सूचना प्रवाह गरिनेछ ।